१८७-६

आज मिति २०७४।१०।०७ गते यस हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा नगर प्रमुख श्री हुवन राईज्यूको अध्यक्षतामा बसी निम्नानुसारको निर्णयहरु गरियो ।

| क्रस. | पदाधिकारीको नाम | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ०१ | हुवन राई | नगर प्रमुख | ह तु न पा ६ | ९८५१००९८३० | |
| ०२ | विमला राई | नगर उप-प्रमुख | ह तु न पा ६ | ९८४२९३४५७१ | |
| ०३ | रुद्र कुमार राई | वडा अध्यक्ष | ह तु न पा १ | ९८४२८०८५८४ | |
| ०४ | नरकुमार खड्का | वडा अध्यक्ष | ह तु न पा २ | ९८५२८४९३४२ | |
| ०५ | नन्दराज राई | वडा अध्यक्ष | ह तु न पा ३ | ९८४२९०५६८३ | |
| ०६ | किशोर कुमार बस्नेत | वडा अध्यक्ष | ह तु न पा ४ | ९८०८११२२५८ | |
| ०७ | रमेश तिवारी खत्री | वडा अध्यक्ष | ह तु न पा ५ | ९८५१२१५३३० | |
| ०८ | रमेश कुमार राउत | वडा अध्यक्ष | ह तु न पा ६ | ९८५१००३३५४ | |
| ०९ | चन्द्र राई | वडा अध्यक्ष | ह तु न पा ७ | ९८६३८४३०२० | |
| १० | पृथ्वीराज राई | वडा अध्यक्ष | ह तु न पा ८ | ९८४२२५०३६६ | |
| ११ | काशीराज राई | वडा अध्यक्ष | ह तु न पा ९ | ९८६३६८५२४६ | |
| १२ | ज्ञान बहादुर पुरी | वडा अध्यक्ष | ह तु न पा १० | ९८१५७५८३६४ | |
| १३ | सन्तोष खत्री | वडा अध्यक्ष | ह तु न पा ११ | ९८०४३९७३९३ | |
| १४ | निरध्वज वि क | दलितसदस्य | ह तु न पा ७ | ९८०७३२९८६८ | |
| १५ | दिपक कुमार रम्तेल | दलित सदस्य | ह तु न पा २ | ९८४२८०६२१४ | |
| १६ | लाल बहादुर परियार | दलित सदस्य | ह तु न पा ३ | ९८१६४५६३२१ | |
| १७ | गंगादेवी दाहाल | महिला सदस्य | ह तु न पा ४ | ९८४६४३३३९८ | |
| १८ | सुमित्रा राई | महिला सदस्य | ह तु न पा १ | ९८६११११००० | |
| १९ | लक्ष्मीमाया सार्की | महिला सदस्य | ह तु न पा ८ | ९८१९७५८४१२ | |
| २० | रमा थापा | महिला सदस्य | ह तु न पा १० | ९८१२५५५८२० | |
| २१ | मन्जु कार्की बस्नेत | महिला सदस्य | ह तु न पा ६ | ९८६२८२८०२० | |

२२. अनिल छिरामी । प्रमुख प्र. अधिकृत । ह. तु. न. पा.
२३. सजीपा श्रेष्ठ । सूचना प्र. अधिकृत । ,,
२४. अशोक आचार्य । लेखापाल । ,,
२५. राजेन्द्र पोख्रेल । अ. प्रशासक । ,,

प्रस्तावहरु :-

१. वडाध्यक्षहरुबाट रिपोर्टिङ सम्बन्धमा
२. चालु खर्च र अन्य खर्च सम्बन्धमा
३. नगरस्तरीय योजनाहरुको सम्बन्धमा
४. मन्त्रालय तथा अन्य निकायबाट प्राप्त पत्रहरु सम्बन्धमा
५. महिला तथा बालबालिकाको कार्यक्रम सम्बन्धमा ।
६. पशु सेवाको कार्यक्रम सम्बन्धमा ।
७. समवेदना सम्बन्धमा
८. हलेसी मन्दिर सम्बन्धमा
९. कानुनि सल्लाहकार, प्रेस सल्लाहकार तथा प्रवक्ता सम्बन्धमा ।
१०. अग्नी पिडित राहत सम्बन्धमा ।
११. सरसफाई सप्ताह सम्बन्धमा
१२. एकिकृत शिविर सम्बन्धमा
१३. योजना अनुगमन तथा मुल्यांकन सम्बन्धमा ।
१४. युवा उद्यमी प्रस्तावना माग सम्बन्धमा
१५. नगर शिक्षा समिति गठन सम्बन्धमा
१६. हलेसीलाई विश्व सम्पदा सुचिमा सुचिकृत गर्ने सम्बन्धमा ।
१७. आवधिक योजना सम्बन्धमा ।
१८. परीक्षा इनाम तथा पदपुर्ति समिति सम्बन्धमा ।
१९. झोलुङ्गे पुल आवश्यकता, पहिचान तथा माग सम्बन्धमा ।
२०. विविध

क)

निर्णय नं. १ प्रस्तावनं. १ माथि छलफल गर्दा यस हलेसी तुवाचुङ न.पा. का ११ वटै वडाका वडाध्यक्षहरुबाट आ-आफ्नो वडामा हालसम्म भएका वडास्तरीय कामहरु तथा अन्य कामहरुको प्रगति विवरण तथा विभिन्न समस्याहरुको बारेमा बैठकमा रिपोर्टिङ गरियो जसमध्ये समग्र वडाहरुमा योजना सम्झौताको कार्य हुँदै गरेको तथा ~~प्राय~~ प्राय: वडाहरुमा प्राविधिकहरु पुग्न ढिला भएकोले योजना सम्झौता तथा कार्यान्वयन गर्न अफठ्यारो भएको साथै भुकम्पको इन्जिनियरहरुको अभावका कारण पुर्ननिर्माण कार्यहरुमा अफठ्यारो भएको तथा वडा नं. ७ र वडा नं. ६ मा सहायक कर्मचारी अभाव भएको आदि बारे बैठकमा रिपोर्टीङ गरियो। वडाध्यक्षहरुबाट उठेका विषयहरुमा नगर प्रमुख तथा ~~अ~~प्रमुख प्रशासकिय अधिकृत ज्यू बाट प्रस्ट्याइयो।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु र अन्य खर्च सम्बन्धमा अर्को कार्यपालिकाको बैठकमा छलफल गरि निर्णय गर्ने सर्व सम्मत निर्णय गरियो।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका सडकहरु तथा ~~७ मिटरका~~ अन्य नगर स्तरीय योजनाहरु मध्ये निम्नानुसार रहने सर्व सम्मत निर्णय गरियो।

(क) सडक अन्तर्गत तपसिल बमोजिमका सडकहरु ७ मिटरको निर्माण गर्ने निर्णय गरियो।

वडा नं. १ (क) रांगाकाटे टोड्के ~~लिङलाप~~ ~~[illegible]~~ ग्राभेल सडक - १० लाख
(ख) ~~[illegible]~~ जयराम गोपाटि (कुल्लो सडक - १० लाख)
वडा नं. २ साल चौतारा - बलाङ - राङघाट - डिकुवा सडक
वडा नं. ३ ~~[illegible]~~ १ पिपलडार - भाग्रा - बालुङभारी - सुनकोशि सडक
वडा नं. ४ मन्दिरडाँडा - वडहरे - घोपाटार सडक
वडा नं. ५ बोझेखोला - छोकमान - दाम्दले हुँदै सडक
वडा नं. ६ दुर्दिम - पेगलटार - घोपाटार सडक
वडा नं. ७ किरात नागवंशी - तल्लो - नामीडांडा एयरपोर्ट सडक
वडा नं. ८ छितुङ - बखुवा - हात्तिआहाल - भाडवेशी - रेगीटार सडक

वडा नं. ९ - खल्लेपोखरी - आयरामपाटी - हलेसी सडक
वडा नं. १० - अखेलने - नवलपुर - भिखरकरेरी - पाने - हलेसी सडक
वडा नं. ११ - राजापानी - घितुङ - हलेसी सडक

उपरोक्त योजनाहरु वडामार्फत उपभोक्ता समितिहरु गठन गरि यथासक्य चाँडो नगरमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

ख) युवा उद्यमी सम्बन्धी ६ दिने सूचना जारीगरी कृषि तथा पशु व्यवसायिकताको लागी विभिन्न फर्म, संघ संस्थालाई प्रस्ताव माग गरि निश्चित संख्यामा दर्ता गर्ने तथा नगरबाट कार्यविधि बनाई बजेट विनियोजन गर्ने निर्णय गरियो ।

ग) महिला शिक्षक अन्तर्गतको कार्यक्रम नगर उपप्रमुख ज्यु को संयोजकत्वमा कार्य विधि बनाई कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ) सक्षम महिला अन्तर्गतको कार्यक्रम नगर उप-प्रमुख श्री बिमला राई ज्यूको संयोजकत्वमा कार्यविधि बनाई कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा मन्त्रालय तथा जिल्ला समन्वय बाट आएका पत्रहरु अनुसार माघ १६ गते भुकम्प सम्बन्धि अन्तक्रिया कार्यक्रममा वडाध्यक्ष र वडा सचिव सबै लाई सहभागी गराउने, जि. स० स० बाट माग भएको वडाध्यक्षहरु को हस्ताक्षर प्रमाणित गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा महिला तथा बाल बालिकाको कार्यक्रम निर्णय नं. ३ को 'ग' मै समावेश गरिसकि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा पशु सेवा सम्बन्धि कार्यक्रम नगर स्तरीय योजनाहरुबाट विभिन्न

शिर्षक टुक्रायाई सोही वार बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा नं. १ का वडा-ध्यक्ष श्री रुद्रकुमार राई को छोरा को ~~प्रकृति~~ दुर्घटनामा परि निधन भएकोमा शोक सतंप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा हलेसी महादेवस्थान मन्दिरको निगरानी तथा सुरक्षाकोलागी यस नगरपालिकाको मातहतमा रहनेगरि ३ जना सुरक्षा गार्ड नियुक्ति ~~गरि~~ गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ देखि १४ सम्म अर्को बैठकमा छलफल गर्ने गरि निर्णय गरियो ।

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा तपसिल बमोजिमका पदाधिकारी रहनेगरी नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

- संयोजक - नगर प्रमुख
- सदस्य - प्रमुख प्रशासकिय अधिकृत
- सदस्य - ~~दिपक रहपाल~~ डायिरजा राई
- सदस्य - गंगादेवी दाहल
- सदस्य - दिपक रहपाल
- सदस्य सचिव - पैशल आचार्य

निर्णय नं. १६ प्रस्ताव नं. १६ देखी २० सम्मका प्रस्तावहरु माथि अर्को बैठकमा छलफल गर्ने गरि यो बैठक सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

गंगा